"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"

FN 30

# धरान उपमहानगरपालिका

DHARAN SUB-METROPOLITAN CITY

# नगर कार्यपालिकाको कार्यालय

OFFICE OF THE MUNICIPAL EXECUTIVE

शिक्षा, युवा तथा खेलकुद महाशाखा

धरान, सुनसरी, प्रदेश नं. १ प्रदेश, नेपाल

Dharan, Sunsari, Province No. 1, Nepal

पत्र संख्या :-

चलानी नं. :- ४३३८

मिति :- २०७७।१०।२७

**पूर्व प्राथमिक कक्षा संचालन तथा कक्षा थप अनुमतिका लागि आवेदन पेस गर्ने सम्बन्धि धरान उपमहानगरपालिकाको सूचना**

विगत वर्षमा अनुमति लिई धरान उपमहानगरपालिकाभित्र संचालनमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुले शैक्षिक सत्र २०७८ देखि कक्षा थप गरी विद्यालय संचालन गर्न चाहेमा नयाँ विद्यालय स्थापना (कक्षा १) वाहेकका अन्य कक्षा थप गर्न र पूर्व प्राथमिक कक्षा संचालन गर्न चाहनेले शिक्षा ऐन २०२८ (संशोधन सहित) तथा शिक्षा नियमावली २०५९(संशोधन सहित) बमोजिमका पूर्वाधारहरु पूरा गरी देहायका कागजातहरु सहित मिति २०७७ फाल्गुन २५ गतेसम्म अनुमतिका लागि तपसिलमा उल्लेखित आवेदन फारामसँग संलग्न गर्नुपर्ने कागजातहरु राखी धरान उपमहानगरपालिका, शिक्षा युवा तथा खेलकुद महाशाखामा आवेदन पेस गर्नु हुन उपमहानगरपालिकाको मिति २०७७।१०।२७ को निर्णय (नगर प्रमुख स्तरीय) अनुसार यो सूचना प्रकासित गरिएको छ ।

रत्नबहादुर कटुवाल
उपसचिव(अधिकृतस्तर दशौं)

रत्नबहादुर कटुवाल
उप-सचिव (प्रा)

**<u>तपसिल</u>**

**आवेदन फारामसँग संलग्न गर्नुपर्ने कागजातहरु:**

- विद्यालय प्रस्तावना पत्र
- सम्बन्धित वडाको सिफारिस पत्र
- विद्यालयको पञ्चबर्षिय योजना (आगामी ५ वर्ष भित्र विद्यालयले सञ्चालन गर्ने शैक्षिक, भौतिक, आर्थिक गतिविधिहरुको लागि बजेट प्राप्त हुने स्रोत र अनुमानित आय व्यय विवरण खुलाउनु पर्ने)
- शिक्षा ऐन २०२८(संसोधन सहित) अनुसार गठित विद्यालय व्यवस्थापन समितिको निर्णय प्रतिलिपि
- सबैभन्दा नजिकमा रहेका अनुमति प्राप्त २ वटा विद्यालयहरुको सहमति पत्र
- तोकिएको योग्यता पुरा भएका शिक्षकहरुलाई नियमानुसार नियुक्त गरिएको पत्र, शैक्षिक योग्यता र अध्यापन अनुमतिपत्रको प्रमाणित प्रतिलिपिहरु

education@dharan.gov.np

"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"
धरान उपमहानगरपालिका
DHARAN SUB-METROPOLITAN CITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
शिक्षा, युवा तथा खेलकुद महाशाखा
पत्र संख्या :-
चलानी नं. :-
धरान, सुनसरी, १ नं. प्रदेश, नेपाल
Dharan, Sunsari, Province No. 1, Nepal



- स्वीकृत लेखापरीक्षकबाट आय व्यय लगायतका विद्यालयको हर हिसाब परीक्षण गरि दिएको पछिल्लो वर्षको प्रतिवेदन
- विद्यालयले निर्धारण गरेको कक्षागत शुल्क विवरण (वि.व्य.स. को निर्णय प्रतिलिपि सहित)
- माग गरिएको भन्दा तल्लो कक्षाको कक्षागत /तहगत अनुमति वा स्वीकृत पत्रको प्रमाणित प्रतिलिपिहरु
- विद्यालयको नाममा भएको जग्गाको लालपुर्जाको प्रमाणित प्रतिलिपि
- पूर्व प्राथमिक विद्यालयको हकमा भवन खेल मैदान सम्बन्धि प्रमाण कागजात र विवरण
- नियामानुसार धरौटी रकम जम्मा गरेको बैङ्कको रसिदको प्रतिलिपि (अनुमतिको निर्णय भएपछि )
- नियमानुसार आवेदन फाराम बापत उपमहानगरपालिकाको कोषमा रकम जम्मा गरेको भौचर

**संस्थागत विद्यालयका लागि आवश्यक थप कागजातहरु:**

- कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको वा गुठी सञ्चालन गर्ने भए गुठी दर्ता प्रमाणपत्रको प्रतिलिपी
- कम्पनी वा गुठीको प्रवन्ध पत्र र नियमावली
- संस्थापक र प्रिन्सिपलको शैक्षिक योग्यता र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
- विद्यालयमा अध्यापन गराइने कक्षागत एव विषयगत प्रकाशन सहितको विवरण (विद्यालयमा अध्यापन गरिने पाठ्यपुस्तक पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत भएको हुनुपर्ने छ)
- विद्यालयमा कार्यरत शिक्षकको नाम ठेगाना, जन्म मिति,शैक्षिक योग्यता तथा नियुक्ति मिति सहितको विवरण
- जग्गा वा भवन भाडामा लिने भए कम्तीमा ५ वर्षसम्मको लागि घर वा जग्गा धनीले बहालमा दिने सम्बन्धमा भएको कबुलियतनामा सम्बन्धि पत्र
- आ.व. २०७६/०७७ को कर बुझाएको प्रमाणको प्रमाणित प्रतिलिपि
- कम्पनी अद्यावधिक भएको पत्र

रत्नबहादुर कटुवाल
उप-सचिव (प्रा)

**बोधार्थ**

श्री सूचना शाखा धरान उपमहानगरपालिका :- सूचना website मा अपलोड गरिदिनुहुनु ।

education@dharan.gov.np

कार्यकारी अधिकृत: ०२५-५२०२७९, आर्थिक प्रशासन: ५२५४९०, सूचना, राजस्व: ५२०१०९, कार्यालय: ५२०४०७, ५२०६३६, ५२०८१३ फ्याक्स: ५२१९९१ वरुणयन्त्र: १०१, ५२०१९९
E-mail: info@dharan.gov.np, Website: http:/www.dharan.gov.np